श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

२०४२ सालको ऐन नं. ६

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

## निर्वाचन (अपराध तथा सजाय) ऐन, २०२४ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः निर्वाचन (अपराध तथा सजाय) ऐन, २०२४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "निर्वाचन (अपराध तथा सजाय) (चौथो संशोधन) ऐन, २०४२" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. निर्वाचन (अपराध तथा सजाय) ऐन, २०२४ को दफा १३ मा संशोधनः निर्वाचन (अपराध तथा सजाय) ऐन, २०२४ (यसपछि "मूल ऐन" भनिएको) को दफा १३ को,–

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः–

"(१) कसैले दफा ३, दफा ४ को उपदफा (१) वा (२), दफा ५ वा ११ को खण्ड (झ) को बर्खिलाप कुनै काम गरेमा निजलाई तीन सय रूपैयाँसम्म जरिवाना वा एक महिनासम्म कैद वा दुवै सजाय हुनेछ।"

(२) उपदफा (१) पछि देहायका उपदफा (१क) र (१ख) थपिएका छन्ः–

"(१क) कसैले दफा ४ को उपदफा (३) वा दफा ११ को खण्ड (क), (ख), (ग), (घ) वा (छ) को बर्खिलाप कुनै काम गरेमा निजलाई एक हजार रूपैयाँसम्म जरिवाना वा छ महिनासम्म कैद वा दुवै सजाय हुनेछ।

(१ख) कसैले दफा ११ को खण्ड (ङ), (च) वा (ज) को बर्खिलाप कुनै काम गरेमा निजलाई एक हजार रूपैयाँसम्म जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुनेछ।"

३. मूल ऐनको दफा १६ मा संशोधनः मूल ऐनको दफा १६ को उपदफा (१) मा रहेको "दफा १५" भन्ने शब्दहरूको सट्टा "दफा १५ र १५क" भन्ने शब्दहरू राखिएका छन्।

लालमोहर सदर मितिः– २०४२।५।६।१

आज्ञाले,
ध्रुववरसिंह थापा
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, नेपाल